# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बाग्लुङ्ग नगरपालिका, बाग्लुङ्ग

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Scanned with CamScanner

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९

च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
बाग्लुङ्ग नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
बाग्लुङ्ग ।

विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Scanned with CamScanner

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्या: २०७८।७९
च.नः १६५

मितिः २०७८।५।४

श्री नगरप्रमुखज्यू,
वाग्लुङ्ग नगरपालिका,
वाग्लुङ्ग ।

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**कैफियत सहितको राय**

हामीले वाग्लुङ्ग नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रु.३ करोड ३६ लाख ३७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४२ लाख ५४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड १८ लाख ०२ हजार, नियमित गर्नुपर्ने रु.७६ लाख २५ हजार र पेश्की बाँकी रु.९९ लाख ५६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फर्स्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३० (तीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(... प्रसाद आचार्य)

Scanned with CamScanner

## बागलुङ्ग नगरपालिका, बागलुङ्ग
## लेखापरीक्षण प्रतिवेदन
## २०७६/७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बागलुङ नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदानं गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १४ वडा, ७४ सभा सदस्य, ९८.०१ वर्ग किलोमिटर क्षेत्रफल तथा ५७ हजार ८२३ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७६।०७७ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | ७०८७३५६३७.६६ |
| | क) नगद | | २ | पूँजीगत खर्च | २०२९८९६५२.१७ |
| | ख) बैंक | ३४६६९०९३.९७ | | | |
| | ग)बैंक मौज्दात (धरौटी खाता) | ७७३०११४.१९ | ३ | वित्तीय व्यवस्था भुक्तानी | |
| २ | राजस्व (आन्तरिक आय) | | | क) ऋण भुक्तानी | ३१५१५६०.१० |
| | क) आन्तरिक राजस्व | ३९७६३६७४.४६ | | ख) ब्याज भुक्तानी | |
| | ख) सडक बोर्ड | ६१६७९६९.०० | | ग) अन्य भुक्तानी | |
| | ग) नगर विकास कोष | १२८८१६५५.०० | | घ) प्रकोप व्यवस्थापन कोष | ७०३८७४१.५८ |
| ३ | राजश्व बाँडफाँड वाट प्राप्त आय | | ४ | लगानी | |
| | क) संघिय सरकारवाट प्राप्त | ७७६७३९०३.७९ | | ऋण लगानी | |
| | ख) प्रदेश सरकारवाट प्राप्त | २३७६७३५५.८० | | शेयर लगानी | |
| | | | | अन्य लगानी | |
| ४ | वित्तीय हस्तान्तरण (संघ) | | ५ | धरौटी फिर्ता | ९७६०००.०० |
| | क)वित्तीय समानीकरण अनुदान | १६४७०००००.०० | ६ | कोष खर्च | |
| | ख) सशर्त अनुदान | ४१२८७२०००.०० | ७ | गत. वर्षको अनुदान फिर्ता | ४१२६७६७७.७६ |
| | ग) समपूरक अनुदान | ११६०००००.०० | ८ | चालु वर्षको अनुदान फिर्ता | ४८७१४२४४.६१ |
| | घ) विशेष अनुदान | ३५३६०००.०० | ९ | मौज्दात | |
| ५ | प्रदेश सरकारवाट प्राप्त अनुदान | | | क) नगद मौज्दात | |
| | क)वित्तीय समानीकरण अनुदान | १४४३२०००.०० | | ख) बैंक मौज्दात | ५५९८५६३४.०४ |
| | ख) सशर्त अनुदान | ०.०० | | ग) बैंक मौज्दात धरौटी | १२४८३७४२.७७ |
| | ग) समपूरक अनुदान | १२१६७७०६.०० | | घ बिबिध कोष | ४४८५९ |
| | घ) विशेष अनुदान | | | ङ) प्रकोप व्यवस्थापन कोष | ४६७१०५३.७७ |
| ६ | विषयगत निकायबाट प्राप्त रकम | | | | |
| | ६.१ अन्तर सरकारी अख्तियारी (संघ) | | | | |
| | क) जेष्ठ नागरिक सम्मान तथा सा.सु भत्ता | ११६०७१०००.०० | | | |
| | ख) पर्यटन पुर्वाधार विकास आयोजना | ११०२९३९९.०० | | | |
| | ग) स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १८६१२५२४.८९ | | | |
| | घ) गरिवसँग विश्वेश्वर कार्यक्रम | ४८३००८.०० | | | |
| | ङ) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ८५७६७५.०० | | | |
| | च) समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक) | १०६३०३५.०० | | | |
| | ६.२ अन्तर सरकारी अख्तियारी (प्रदेश) | | | | |
| | क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १००००००.०० | | | |
| | ख) शिक्षा विकास निर्देशनालय | ३५९७६७२.०० | | | |
| | ग) सामाजिक विकास मन्त्रालय | ३८३४८४७.६४ | | | |
| ७ | संघीय सरकारतर्फको विविध कार्यक्रम | | | | |
| | क) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | २७९९३०.०० | | | |
| | ख) उद्योग ग्राम | ९२०००००.०० | | | |
| १० | विभिन्न कोषतर्फकोठे आय | | | | |
| | क) बिबिध खाता | ४४८५९.०० | | | |
| | ख) प्रकोप व्यवस्थापन कोष | ११७०९७९५.३५ | | | |
| १२ | धरौटी आय | ५७२९६२८.५८ | | | |
| १४ | अन्य विविध आय (हि.मि.) | ५८३९५६.७९ | | | |
| | | | | | |
| | जम्मा | १०८६०५८८०३.४६ | | जम्मा | १०८६०५८८०३.४६ |



Scanned with CamScanner

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | प्रतिक्रियाबाट रु.२ लाख ४३ हजार असुली भएको छ । | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग पूर्ण रुपमा गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राखे र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.४,२४,२४,९२३।१६ मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु.४,२३,९९,२०८।१६ जिम्मेवारी सारेको देखियो । जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२५,७१५।०० घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | २५७१५.०० |
| ३. | **बाँकी रकम फिर्ता** — आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको निम्न रकम आ.व. २०७७।७८ को निम्न मितिमा दाखिला भएको प्रमाण पेस भएको छ । | |

| सि. नं. | शीर्षक | दाखिला रकम | दाखिला मिति |
|---|---|---|---|
| १. | सशर्त अनुदान संघ (चालु) | १५६०४०५१.२० | २०७७/४/१३ |
| २. | सशर्त अनुदान संघ (पुँजीगत) | १२२३३६७६.४१ | २०७७/४/१३ |
| ३. | विशेष अनुदान संघ | ६९५७१७.०० | २०७७/४/१३ |
| ४. | सामाजिक सुरक्षा | २०१८०८००.०० | २०७७/४/१३ |
| | जम्मा | ४८७१४२४४.६१ | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ४. | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपसिल बमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम प्रत्येक बर्ष आषाढ १० भित्र बजेट पेस गर्नुपर्नेमा यस पालिकाले आषाढ ११ मा मात्र बजेट पेस गरेको छ । | |

Scanned with CamScanner

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यंकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

Scanned with CamScanner

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागीता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागु गरेको पाईएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १८ ऐन, ३ नियमावली, १८ कार्यविधि र २ निर्देशिका समेत ४१ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १० को उपदफा (१) बमोजिम फोटोसहितको अनुसूची ५ बमोजिमको ढाँचामा मूल अभिलेख अद्यावधिक गरी नराखेको ।-<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ तर पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण अभिलेख राखेको पाइएन ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) अनुसार स्थानीय विपद् व्यवस्थापन समिति गठन गरेको भएतापनि १ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ५. | **बजेट पेस, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री सुरेन्द्र खड्काले २०७६।०३।११ गते रु.१ अर्ब २ करोड ५७ लाख ५४ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७६।०३।१३ मा पारित भएको छ । २०७६ पौषमा बसेको छैटौं नगरसभाबाट बजेट संशोधन गरी रु.७५,००,१५३।९९ थप गरेपश्चात कूल बजेट रु.१,०३,३२,५४,१५३।९९ कायम भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेस गरी पारित गर्ने र | |

Scanned with CamScanner

| दफा नं. | श्रे.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहायबमोजिम छ । | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| चालुछ नया | २६७७८२२७३.४७ | ३१११२६४०.९६ | ६६८७१९६७.०१ | १६९७९७६६५.६० | ६६४४३४१०.५३ |
| प्रदेश समपुरक | २६९०९९३.४५ | 0.00 | 0.00 | २६९०९९३.४५ | २६९०९९३.४५ |
| प्रदेश समपुरक क्रमागत योजना | ७१६७७०६.०० | 0.00 | 0.00 | ७१६७७०६.०० | 0.00 |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ११४१०३२३.५९ | 0.00 | ७४२४३२.६० | १०६६७८९०.९९ | ८१२८३१०.९९ |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | १९१०००.०० | 0.00 | 0.00 | १९१०००.०० | ९६००.०० |
| पर्यटन पूर्वाधार विकास | ११०२९३९९.०० | 0.00 | १३१२०००.०० | ९७१७३९९.०० | ५३७००.०० |
| सामाजिक विकास मन्त्रालय | १४१९६५१.०० | 0.00 | 0.00 | १४१९६५१.०० | १४१९६५१.०० |
| कूल खर्चः | ३०१६९१३४६.६१ | ३१११२६४०.९६ | ६८९२६३९९.६१ | २०१६५२३०६.०४ | ७८७४५७४५.९७ |
| खर्च प्रतिशत | १००% | १०.३१% | २२.८५% | ६६.८४% | २६.१०% |

उपरोक्तानुसार पुँजीगततर्फ प्रथम चौमासिकमा १०.३१% प्रतिशत, दोश्रोमा २२.८५% प्रतिशत मात्र खर्च हुन सकेको छ भने तेश्रो चौमासिकमा ६६.८४% र आषाढमा मात्र २६.१० प्रतिशत खर्च भएको पाइयो । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

७. **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४३९७४०६६.२१ | २४४४०७८६.०० | ३.२१ |
| सामाजिक क्षेत्र | ५६८६७७०८५.६७ | ४८०७५९६०८.२३ | ६३.०९ |
| पूर्वाधार विकास क्षेत्र | २३९९१३८३४.१९ | १४९८७४१७२.२२ | १९.६७ |
| वातावरण, संस्थागत विकास तथा विपद् व्यवस्थापन र सुशासन | २८२००५३८.७८ | १२३२६४५५.५० | १.६२ |
| कार्यक्रम सञ्चालन | १५२४८८६२९.१४ | ९४६८०१८९.८३ | १२.४२ |
| जम्मा | १०३३२५४१५३.९९ | ७६२०८१२११.७८ | १००.०० |

८. **खर्च विश्लेषण** - पालिकाले यस वर्ष कूल आन्तिरक आयबाट रु.५,५८,१३,२९८.४६ राजस्व बाँडफाँड र अनुदानबाट रु.९३,३९,०३,३९६.५९ समेत रु.९८,९७,१६,६९५.०५ आम्दानी भएकोमा चालुतर्फ रु.७०,८७,३५,६३७.६६ र पुँजीगततर्फ रु.२०,२९,८९,६५२.१७ र वित्तीय व्यवस्थातर्फ रु.३१,५१,५६०.१० समेत रु.९१,४८,७६,८४९.९३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.१० प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.२५,३८,३४९.०५ खर्च भएको छ जुन आन्तरिक आयको ४.५५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.८८ प्रतिशत चालु र २१.७४ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै

Scanned with CamScanner

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ९. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.३५,००,०००।०० ट्रान्सफर गरेको छ । | |
| १०. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको ४ गरी कूल ८ विवाद दर्ता भएकोमा ४ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| | **पदाधिकारी सुविधा** | |
| ११. | **एउटामात्र सुविधा पाउने** - गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ । पालिकाले निम्न पदाधिकारीहरूले निवृत्तिभरण पाईरहेको निम्नानुसारका पदाधिकारीहरूलाई रु.४६,७५६।०० खर्च लेखेको छ । साथै पदाधिकारीहरूबाट यस प्रकारको प्रकारको सुविधा लिए नलिएको स्वघोषणा समेत संलग्न गरेको पाईएन । निम्नानुसार दोहोरो सुविधा लिएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ४५७५०.०० |

| क्र.सं. | पदाधिकारीको पद नाम थर | ठेगाना | निवृतभरणको रकम (मासिक) | २०७६ श्रावन-भाद्र १२ सम्म हुने रकम | मासिक पदाधिकारी सुविधा | दोहोरो सुविधा लिएको. |
|---|---|---|---|---|---|---|
| १ | वडाध्यक्ष श्री नारायण शर्मा पौडेल | वा.न.पा १३ | १९१९१ | २६६२० | २०००० | २६६२० |
| २ | वडाध्यक्ष श्री खगराज पाण्डे | वा.न.पा ०७ | १४५४२ | २०१३६ | २०००० | २०१३६ |
| | जम्मा | | ३३७३३ | ४६७५६ | ४०००० | ४६७५६ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १२. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम विविध व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२८,११,०५०.३८ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १३. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले राहत उद्धार पुनर्स्थापना र अन्य सामाजिक सुरक्षा प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.६,५०,४००।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| | **अनुदान प्राप्ति, वितरण र फिर्ता** | |
| १४. | **पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने | |

Scanned with CamScanner

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|

कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई पूँजीगत शीर्षकबाट रु.४,९०,०००।०० भुक्तानी दिएको पाईयो ।

| भौ नं र मिति | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १२५।०७७।११।८ | म्याप इन्टरनेसन | दमकलको पार्टस फेरेको | ४९०००० |

१५. **अनुत्पादक खर्च** - सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले गरेको कतिपय खर्चहरु बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । उपलब्धीमुलक नहुने कार्यमा हुने खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

उदाहरण

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | रिजाद मिलिजुली ग्रील उद्योग | पार्किङ्ग बोर्ड निर्माण | ८४७५० |
| २ | पञ्चेबाजा व्यवस्थापन समिति | पञ्चेबाजा | १००००० |
| | | जम्मा | १८४७५० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१६. **हस्तान्तरित कार्यक्रम (संघ)** - १७/२०७७/३/२३ तितौरे खोपकेन्द्र निर्माण गरेवापत कार्यसम्पन्न प्रतिवेदन अनुसार नगरपालिकाबाट रु.३,३६,०००।०० खर्च लेखी भुक्तानी भएको छ । उक्त निर्माण कार्यमा प्रयोग भएको Two coat enmel paints 26.11m² प्रति वर्गफुट रु.६०६।१२ ले हुने रु.७९९२।०० र Washing Sink 1 वटाको रु.६७८०।०० समेत रु.१४,७७२।०० खर्च लेखी भुक्तानी भएको छ । निर्माण उपभोक्ता समितिले पेस गरेको बिल भरपाईमा उक्त सामानहरू खरिद गरेको देखिँदैन । अतः सामान खरिद नै नगरी निर्माण कार्यमा प्रयोग भएको भनी खर्च लेखेको रकम असुल फिर्ता हुनुपर्ने रु. — १४७७२.००

१७. **सडक बोर्ड नेपाल (ठेक्का नं. BAGMUN/W/R/075-12)** - बागलुङ नगरपालिकामा विभिन्न सडक तथा नाली मर्मत (१-१४ वडामा) गर्ने कार्यका लागि सडक बोर्ड नेपालबाट प्राप्त हुने रु.५५,००,०००।०० र नगरपालिका कार्यालयको रु.३०,७१,०२२।८० समेत रु.८५,७१,०२२।८० लागत इष्टिमेट तयार गरी मिति २०७५।१२।१८ मा स्वीकृत गरेको देखिन्छ । उक्त निर्माण कार्यको लागि द्बिचुतीय बोलपत्रको माध्यमबाट मिति २०७५।१२।१८ मा सूचना प्रकाशन गरेअनुसार २ वटा फर्महरूले बोलपत्र पेस गरेको देखियो । पेस भएका बोलपत्रहरू कालिका भगवती कन्स्ट्रक्सनको कबोल अङ्क रु.७६,३१,८९८।८८ (मू. अ. कर बाहेक) र तिलक निर्माण सेवा बा.न.पा. २ बागलुङको कबोल अङ्क रु.८२,२१,९६९।०३ (मू.अ. कर बाहेक) भएकोमा घटी कबोल गर्ने भगवती निर्माण सेवाको बोलपत्र मिति २०७६।९।२ मा स्वीकृत गरी सम्झौता गर्नको लागि मिति २०७६।२।९ मा सूचना गरेको पाइयो । उक्त सूचनापश्चात कालिका कन्स्ट्रक्सनले मिति २०७६।२।२३ मा काम गर्न नसक्ने जानकारी दिएको पाइयो । तर निजको निवेदनमा तोक आदेश नभएको र कार्यालयमा दर्ता समेत गरेको देखिएन । उक्त निवेदनपश्चात कालिका निर्माण सेवाको धरौटी रकम रु.२,४०,०००।०० जफत गरी मिति २०७६।३।२९ मा तिलक निर्माण सेवाको बोलपत्र स्वीकृत गरेको छ । तिलक निर्माण सेवासँग मिति २०७६।६।३० सम्ममा सम्पन्न गर्ने गरी मिति २०७६।४।६ मा सम्झौता र मिति २०७६।४।८ मा कार्यादेश दिएको पाइयो । निर्माण व्यवसायीले विभिन्न सडक तथा नाली निर्माण कार्य मध्ये दशरथचोक देखि बाग्लुङ बेनी हाइवे सम्मको निर्माण कार्य स्पेशिफिकेसन अनुसार नभएको भनी कार्यालयबाट गुणस्तर कार्य किन हुन नसकेको भनी मिति २०७६।७।३ मा ३ दिनभित्र स्पष्टीकरण पेस गर्ने सूचना गरेपश्चात निर्माण



Scanned with CamScanner

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | व्यवसायीले निर्माण कार्यमा प्राविधिक त्रुटी भएको, त्रुटी भएको कार्य पुनः प्राविधिकको उपस्थितिमा निर्माण गरिएको भनी मिति २०७६।७।६ मा जानकारी गराएको पाइयो । निर्माण व्यवसायीले निर्माण कार्यको प्रथम रनिङ्ग बिल पेस गरेपछि भौचर नं. १६० मिति २०७६।६।२८ बाट रु.५४,९७,५३१।६६ र भौचर नं. ३५ मिति २०७६।९।१६ बाट अन्तिम बिल वापत रु.२७,२२,७०१।३३ समेत रु.८२,२०,२३१।९५ भुक्तानी गरेको छ । उक्त निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन पेस गरेको छ । | |
| १८. | **पूर्वाधारतर्फ** - १६/२०७७/३/३० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार रकम खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर धौलागिरी बहुमुखी क्याम्पसको इ-लाइब्रेरी निर्माण वापत माछापुच्छ्रे निर्माण सेवालाई कार्य स्वीकारपश्चात रु.३१,६७,७८३।५० भुक्तानी गरेकोमा PS Item मा बीमावापत रु.४९,४४६।०० समेत भुक्तानी भएकोमा बीमाको कर विजक पेस हुन आएन । बीमा वापत खर्च लेखेको रु.४९,४४६।०० को कर विजक पेस हुनुपर्ने रु. | ४९४४६.०० |
| १९. | **औद्योगिकग्राम योजना (संघीय)** — आ. व. २०७६।७७ मा बागलुङ नगरपालिका वडा नं. १३ स्थित औद्योगिकग्राममा पूर्वाधार विकास निर्माण कार्य (रिटेनिङ वाल, गेट निर्माण र तारवार निर्माण) गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा सशर्त चालु अनुदान रु.९२,००,०००।०० विनियोजन भई आएकोमा मिति २०७७।०३।३१ गतेका दिन निर्माण व्यवसायी सातविसे कन्स्ट्रक्सन प्रा.लि. सँग २०७७ पौष मसान्तसम्म सम्पन्न गर्ने गरी निर्माण कार्यको खरिद सम्झौता तथा कायदिश भएको भएतापनि आर्थिक वर्ष समाप्त भई कार्य सञ्चालन हुन सकेको थिएन । आ. व. २०७६।०७७ को लागि प्राप्त रकम खर्च नभई बाँकी रहेमा सशर्त अनुदानको रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेमा फिर्ता दाखिला नगरी नगरपालिकाको आन्तरिक खातामा जम्मा रहेको पाइयो । आ. व. २०७७।०७८ मा उक्त रकमबाट सम्झौता अनुसार निर्माण कार्य सञ्चालन गरी निर्माण व्यवसायीलाई लेखापरीक्षणको समयसम्म रु.३२,५१,७११।९३ भुक्तानी भईसकेकोले बाँकी रकम फिर्ता दाखिला हुनुपर्ने रु. | ५९४८२८८.०७ |
| २०. | **भेरियसन आदेश** — ठेक्का नं. 11/Baglung/MUN/W/074/75 बाट बागलुङ बसपार्क निर्माण कार्य गर्न अशिष फेवा जे. भी. को कबोल अङ्क रु.६,७४,८०,३४५।३० मा गर्ने गरी मिति २०७५।७।२६ मा सम्झौता भएको थियो । उक्त निर्माण कार्य गर्दै जाँदा Commercial Building को डिजाइन परिवर्तन भई बिल्डिङ्गमा पुरुवा माटो भएको कारण प्लम कंक्रिट र स्टोन मेसिनरी सहित कार्य गर्नुपर्ने भएकोले लागत तथा समय थप लाग्ने भएकाले कामको भेरियसन र म्याद थप गरिपाउँ भनी निर्माण व्यवसायीले मिति २०७६।५।२२ मा निवेदन पेस गरेको पाइयो । उक्त निवेदन पश्चात नगरपालिकाबाट Variation Order-1 थप गर्नको लागि ल. ई. तयार गरी शुरु लागत अनुमान रु.८,३७,७४,८६६।३८ भएकोमा VO-1 पश्चात लागत अनुमान रु.९,६२,६३,५०४।०२ कायम भएको त्यस्तै शुरु सम्झौता रकम रु.६,७४,८०,३४५।३० भएकोमा VO-1 पश्चात रु.७,७५,३७,९७७।४९ कायम भएकोले लागत अनुमान १४.९१% र सम्झौता रकम १४.९०% बढी भएको VO-1 नगर कार्यपालिकाको बैठकमा पेस गर्ने गरी नगर प्रमुखको मिति २०७६।६।२ को निर्णय अनुसार नगर कार्यपालिकाबाट मिति २०७६।६।८ मा VO-1 स्वीकृत भएको पाइयो । भौचर नं. ८१ मिति २०७६।१०।५ बाट तेश्रो रनिङ्ग बिलसम्म कूल रकम रु.३,८६,०५,९१०।६४ भुक्तानी भएको छ । | |
| | **कर दस्तुर एवं आन्तरिक आय** | |
| २१. | **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र | |

Scanned with CamScanner

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|

वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ९०००००० | ७४५८१८६.२५ | ८२.८७ |
| घरजग्गा वहाल कर | ७५००००० | १०९३७८८८.३६ | १४५.८४ |
| व्यवसाय कर | ९०००००० | ५५९२५९७.०० | ६२.१४ |
| बहाल विरौटी शुल्क | १५०००० | ०.०० | ०.०० |
| जम्मा | २५६५०००० | २३९८८६७१.६१ | |

पालिकाभित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

**आयकर एवं मू.अ.कर**

२२. **रीतपूर्वकको कर विजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले रीतपूर्कको कर विजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मू.अ.कर रु.३,५८,७२३।७४ समेत रु.३१,१८,१३७।१८ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयीले रीतपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु. ३५८७२३.७४

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मूअकर कर रकम |
|---|---|---|---|---|---|
| १६/ २०७७/३/३० | माछापुच्छ्रे निर्माण सेवा | ३०१३२०११३ | विजक नं. हातले लेखेको | ३११८१३७.१८ | ३५८७२३.७४ |

**उपभोक्ता समिति मार्फत कार्य**

२३. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २५५।०७७।२।३० | करीडोर पाल्नेटी सडक स्तरोन्नती उ स | सडक निर्माण | १४१९८४८ | एक्साभेटर | १५५३७५ |
| २७८।०७७।२।३० | अमलाचौर मुख्य सडक मर्मत तथा सुधार उ स | सडक निर्माण | ३९३५०३ | एक्साभेटर | २५९४४८ |
| ४१०।०७७।३।२६ | पाखे भूजाकोट निफन्री सडक | सडक निर्माण | ३३७३३०० | डोजर ब्रेकर | १५७६५९६ |

Scanned with CamScanner

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | ४६२।०७७।३।३० | लौसीवारी गामा अड्डा डोय सडक उ स | सडक निर्माण | ४१७७४८ | स्काभेटर | १६८२१११ | |
| | ४६४।०७७।३।३० | ओखलढुङ्गा वडा कार्यालयस सडक निर्माण उ स | सडक निर्माण | १२२२९३१ | ब्रेकर | ३६०४७० | |

नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२४. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ को उपनियंम १ अनुसार रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि वोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा वढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु. ६०८३०६५.००

| मिति | गो.भौ.नं | खरिद विवरण | रकम |
|---|---|---|---|
| | | मेशिनरी औजार खरिद | |
| | | नगरपालिका वितिय समानिकरण पूंजीगत | |
| २०७६/०७/०६ | ५२ | व्याकअप तथा व्याट्री खरिद बापतको रकम प्रोफेसनल कम्प्युटर इन्स्टिच्युट लाइ भुक्तानी रु | ७५,६९९ |
| २०७६/१०/१२ | ७० | मेशिनरी औजार खरिद गरेवापत प्रोफेसनल कम्प्युटर इन्स्टिच्युट लाइ भुक्तानी रु | २,८४,५९९ |
| २०७६/११/१४ | १३० | विभिन्न मेशिनरी औजार खरिद गरेवापत सिद्धवावा कम्प्युटर डिजिटल साल्युसन, वुटवललाइ भुक्तानी रु | ४,९४,९८५ |
| २०७७/०१/१८ | १८८ | पावर व्याकअप र ल्यापटप डेक्टप र प्रिन्टर खरिद बापत प्रोफेशनल कमप्युटर सप लाइ भुक्तानी रु | ३,६२,७०० |
| २०७७।३।२ | २९० | विधालयको लागी मेशीनरी सामान खरिद वापत भुक्तानी रु | ५४५२२५ |
| २०७७/०३/०७ | ३०२ | मोवाइल खरिद वापत सापकोटा मोवाइल सेन्टरलाइ भुक्तानी रु | ५५,००० |
| २०७७/०३/०७ | ३०४ | प्रिन्टर हार्डडिस्क एवं कार्टेज खरिद वापत न्यु कम्प्युटर वजारलाइ भुक्तानी रु | ७८,५३५ |
| २०७७/०३/२८ | ४२६ | डेक्सटप कम्प्युटर यु.पि.यस को रकम प्रोफेसनल कम्प्युटर इन्स्टीच्युटलाइ भुक्तानी रु | ९४,९९९ |
| २०७७/०३/२८ | ४२९ | कम्प्युटर वापत भुक्तानी रु | ६३,६३० |
| | | नगरपालिका वितिय समानिकरण चालुतर्फ | |
| २०७६/१०/१६ | ३१४ | मोवाइल खरिद वापत भुक्तानी रु | ४४,४४९ |
| २०७६/१०/२३ | ३३० | स्माट टिभी खरिद वापत एम.पि. इलेक्ट्रोनिकलाइ भुक्तानी रु | ३८,६८४ |
| २०७७/०३/१५ | ६५६ | परिक्षा सम्वन्धि सफ्टवेयर खरिद तथा जडान वापतको खर्च भुक्तानी | ३,२०,००० |
| २०७७/०३/३१ | ८२४ | ल्यापटप खरिद वापत भुक्तानी रु | ७७,००० |
| | | फर्निचर खरिद | |
| | | नगरपालिका वितिय समानिकरण पुंजीगततर्फ | |
| २०७६/०८/२६ | ५८ | विभिन्न फर्निचर सामानहरुको खर्च रु | ९१,३१४ |
| २०७६/०९/२० | ४० | विभिन्न फर्निचर सामानहरुको ग्यालेक्सी फर्निचर एण्ड फर्निसिङ सेन्टरलाइ भुक्तानी रु | ४,६७,३११ |
| २०७६/१०/१२ | ६९ | सृष्टि फर्निचर उद्योग विभिन्न फर्निचर सामान बापत रकम भुक्तानी | ३०,०५८ |
| २०७६/११/२८ | १५९ | नगर प्रमुख कार्यकक्षमा शिलिङ जिप्सन तथा पार्केटिङको काम गरे वापत भुक्तानी रु | ४,९७,२९४ |
| २०७७।३।२ | २९० | विधालयको लागि फर्निचर सामानहरु खरिद वापत भुक्तानी रु | २४८४४१ |
| २०७७/०३/०४ | २९६ | सापकोटा फर्निचर लाइ विभिन्न फर्निचर सामानहरु खरिद वापत भुक्तानी रु | २,४०,२३८ |
| २०७७/०३/०७ | ३०३ | टेवल खरिद वापत ब्रदर्श सर्जिकल एण्ड डाईनोस्टिक प्रा.लि लाइ भुक्तानी रु | १०,७३५ |
| २०७७/०३/०७ | ३०८ | टेबुल,कुर्चि लगायतका फर्निचर सामानहरु खरिद बापत सृष्टि फर्निचर उद्योगलाइ भुक्तानी रु | ९९,४४० |
| २०७७/०३/१६ | ३४४ | कुर्चि खरिद वापत होमेक्स फर्निचर हब पोखरालाइ भुक्तानि रु | १,६४,९९१ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | २०७७/०३/३१ | ४८३ | ८ नं वडा कार्यालयको लागि खरिद गरेकाे फर्निचरको रकम भुक्तानी रु | | |
| | २०७७/०३/३१ | ५२० | जनताधन मा.वि मा फर्निचर खरिद बापत रकम भुक्तानी रु | ९९,९८२ ७१,३४७ | |
| | | | सघींय संरकारबाट हस्तान्तरीत चालु | | |
| | २०७७/०३/३१ | २४२ | आधारभुत स्वास्थ्य केन्द्रहरुको लागि खरिद भएको फर्निचर र कम्प्युटर लगायतको भुक्तानी रु | २,७०,००० | |
| | | | नगरपालिका वितिय समानिकरण चालुतर्फ | | |
| | २०७७/०३/२५ | ७२६ | २ को स्वास्थ्य चौकी फर्निचर व्यवस्थापन खर्च रु | १,५०,००० | |
| | | | कार्यालय सामाग्री तथा मसलन्द खरिद | | |
| | | | नगरपालिका वित्तीय समानिकरण चालुतर्फ | | |
| | २०७६/०७/०६ | ९० | कार्यालय संचालनको सामाग्री खरिद बापत भुक्तानी रु | ६,६९,९०४ | |
| | २०७६/१०/०८ | २७६ | असगरमाथा इङ्क हाउसलाइ टोनर रिफिल खरिद भुक्तानी रु | ९२,३३९ | |
| | २०७६/१०/१४ | ३०७ | विभिन्न स्टेशनरी सामाग्रीहरु खरिद बापत धौलागिरी अफसेट प्रेसलाइ भुक्तानी रु | ४९,६०७ | |
| | २०७६/११/१४ | ३७१ | दाखिला प्रतिवेदन,टिप्पणि आदेश अनुसार मेडिसेल्स इन्टरनेसनल लाइ भुक्तानी रु | ३,५४,८७६ | |
| | २०७७/०३/२१ | ६८७ | मसलन्द तथा कार्यालय सामग्री खरिदवापत अफिस सामान सप्लाइ स्टोर्सलाई भुक्तानी रु | ४,७४,८२६ | |
| | २०७७/०३/२४ | ७१४ | कार्यालय सञ्चालनको लागि खरिद गरेको सामग्रीको रकम जनसेवा छापाखानालाई भुक्तानी रु | ४,६९,६८४ | |
| | २०७७/०३/२६ | ७३५ | कार्यालयमा आवस्यक सामग्री खरिद गरेको रकम गौतम किचन हाउसलाइ भुक्तानी रु | ५७,७८५ | |
| | २०७७/०३/२७ | ७४७ | कार्यालयमा खरिद गरिएका विभिन्न सामान खरिद रकम भुक्तानी रु | ४२,८१८ | |
| | २०७७/०३/२८ | ७५९ | कार्यालयमा खरिद गरिएका विभिन्न सामान खरिद रकम भुक्तानी रु | ९३,७२० | |
| | २०७७/०३/२९ | ७७५ | मायाको चिनो लगायत विविध खर्चको रकम भुक्तानी रु | ८३,०५५ | |
| | २०७७/०३/२९ | ७९० | कार्यालयमा खरिद गरिएका विभिन्न सामान खरिद रकम भुक्तानी रु | ६३,५३४ | |
| | २०७७/०३/३१ | ८२९ | कार्यालयमा खरिद गरिएका विभिन्न सामान खरिद रकम भुक्तानी रु | ९८,६४९ | |
| | २०७७/०३/३१ | ८३० | कार्यालयमा खरिद गरिएका विभिन्न सामान खरिद रकम भुक्तानी रु | ३९,१३५ | |
| | २०७७/०३/३१ | ८३४ | कार्यालयमा खरिद गरिएका विभिन्न सामान खरिद रकम भुक्तानी रु | ७९,६०० | |

| ब.उ.शि.न. | गो.भौ./मिति | खरिद गरिएको सामाग्री | खरिद गरिएको फर्म | रकम |
|---|---|---|---|---|
| बा.न.पा. चालु | ९०-२०७६/७/६ | मसलन्द र स्टेसनरी | गुरुङ शुभ ट्रेडर्स | ३१८५२९ |
| | | | जनसेवा छापाखाना | ३३०६९४ |
| | २४१-२०७६/८/२५ | मसलन्द र स्टेसनरी | कन्चन प्रिन्टर्स | १०५००० |
| | २४८-२०७६/१०/९ | मसलन्द र कार्यालय सामाग्री | अफिस समान सप्लायर्स | २७६०४० |
| | २७६-२०७६/१०/८ | मसलन्द र कार्यालय सामाग्री | - | ९२३३९ |
| | ३४९-२०७६/११/५ | फर्निचर खरिद | सापकोटा फर्निचर | ८८१४० |
| | ३६९-२०७६/११/१४ | मसलन्द र कार्यालय सामाग्री | धौलागिरी अफसेट प्रेस | ९९४४० |
| | ६८७-२०७७/३/२१ | मसलन्द र कार्यालय सामाग्री | अफिस सामान सप्लायर्स | ४७४८२६ |
| | ७१४-२०७७/३/२४ | मसलन्द र कार्यालय सामाग्री | जनसेवा छापाखाना | ४६९२८५ |
| | ७३२-२०७७/३/२६ | मसलन्द र कार्यालय सामाग्री | धौलागिरी अफसेट प्रेस | १६५३६४ |
| | ७४२-२०७७/३/२७ | मसलन्द र कार्यालय सामाग्री | धौलागिरी अफसेट प्रेस | ९९९९९ |
| | ८१८-२०७७/३/३० | मसलन्द र कार्यालय सामाग्री | वडा सञ्चालन खर्च वडा न ३ | १५७९५० |
| | ८३७-२०७७/३/३१ | मसलन्द रं कार्यालय सामाग्री | वडा सञ्चालनं खर्च वडा न १० | २१९७४५ |
| | ८१९-२०७७/३/३० | मसलन्द र कार्यालय सामाग्री | वडा सञ्चालन खर्च | १४५००० |
| | | फर्निचर खरिद | | ९९४३४ |
| | ४५६-२०७७/३/१५ | सफ्टवेयर खरिद | - | ३२०००० |
| | | | - | ७७००० |
| | ८२४-२०७७/३/२१ | ल्यापटप खरिद | - | ११९५०० |
| | ७२९-२०७७/३/२५ | कम्प्युटर तथा प्रिन्टर खरिद | | |
| | | कूल जम्मा | | ६०८३०६५ |

२५. **मोटरसाकइकल खरिद** - अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले निर्देशन विपरित ८ वटा मोटरसाइकल र २ वटा स्कुटर खरिद गरी रु.२६,३५,०००।००

Scanned with CamScanner

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|

खर्च लेखेको छ ।

२६. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा गोरेटो बाटो, पदमार्ग निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३३६ जनालाई रोजगारी उपलब्ध गराई रु.४१,२६,६२३।०० खर्च गरेको छ । लक्षित वर्गलाई १२ दिनदेखि १५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

**पुँजीगततर्फ**

२७. **कोटेशनबाट खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १ अनुसार पाँच लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्ने सक्ने र उपनियम १ख अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लिखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ती फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । कार्यालयले तपसिलको कार्यमा तिनवटा फर्मसँग कोटेशन माग गरी घटी दररेट पेस गर्ने फर्मबाट खरिद गरेको छ । उक्त खरिदमा प्राप्त कोटेशनमा उल्लेख भएको मुल्यमा लागत मुल्य भन्दा न्यून रुपमा घटी भएको देखियो । जसले गर्दा खरिद कार्यमा प्रतिष्पर्धा भएको देखिएन । उदाहरण यसप्रकार छन्

| भौ नं र मिति | निर्माण कार्य | फर्मको नाम | लागत अनुमान | कबोल रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| ४९४।०७७।३।३१ | कार्यालय मर्मत सुधार | लोकप्रिय सप्लायर्स | २६५९३० | २६५९३० | ० |
| ५००।०७७।३।३१ | स्यानो पिपल बागलुङ्ग वसपार्क मर्मत कार्य | आर एस कन्स्ट्रक्सन | ४७५६८० | ४६७११३ | १.८ |
| ५२२।०७७।३।३१ | वडा नं ३ को वडा कार्यालय मर्मत | सातविसे कन्स्ट्रक्सन | ४९५९३९ | ४६४९९२ | ६.२४ |

२८. **डोजर र ब्रेकरको प्रयोग** - पालिका र निर्माण व्यवसायी बीच भएको सम्झौता अनुसार डोजर प्रयोग गरेवापत प्रति घण्टा रु.५५०।०० र ब्रेकर प्रयोग गरेवापत प्रतिघण्टा रु.६५००।०० का दरले भुक्तानी गर्ने गरी सम्झौता गरिएको पाईन्छ । तर पालिकाले प्राविधिकबाट नापजाँच गराइ सम्पन्न भएको कामको परिमाण प्रति घ. मी. को आधारमा भुक्तानी गरिएको छ । पालिकाले निर्माण व्यवसायीसँग प्रति घण्टाको आधारमा सम्झौता गर्ने र भुक्तानी गर्दा प्रति घ. मी. कामको आधारमा भुक्तानी गर्दा सम्झौता र भुक्तानीबीच मापन गर्ने तरिकामा एकरुपता देखिएन । निर्माण व्यवसायीसँग प्रति घ. मी. कामको आधारमा भुक्तानी गर्ने गरी सम्झौता गरेर सोही आधारमा काम भए नभएको प्राविधीकबाट नापजाँच गरेर मात्र भुक्तानी दिने कार्यमा सुधार हुनुपर्ने देखिन्छ ।

२९. **वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले गरेको कतिपय खर्चहरु दीर्घकालिन प्रकृतीको कार्यमा खर्च नभइ वितरणमुखी कार्यमा खर्च भएको देखियो । उपलब्धी मुलक नहुने कार्यमा हुने खर्चमा नियन्त्रण गरिनुपर्दछ । उदाहरण

| सि नं | भौ नं र मिति | खरिद विवरण | रकम |
|---|---|---|---|
| १ | २८८।०७७।३।२ | हिरा बहादुर क्षेत्रिलाई आरन सुधार खर्च भुक्तानी | १००००० |
| २ | ४२४।०७७।३।२७ | पाईप खरिद गरि तोक आदेशका आधारमा वितरण | ४६०४०७ |
| ३ | ४४५।०७७।३।२९ | लक्ष्मी प्रसाद शर्मालाई रुख कटान झाडी सरसफाई | ५०००० |
| ४ | ५१०।०७७।३।३१ | पाईप खरिद गरि तोक आदेशका आधारमा वितरण | २८१९९३ |

Scanned with CamScanner

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ५ | २८८।०७७।३।२ | वडा नं७ को परम्परागत पेशा आरान सुधार योजना | १००००० |
| ६ | ३९०।०७७।३।२५ | वडा न ६ को कुखुरा चल्ला वितरण | ७९००० |
| ७ | ४१३।०७७।३।२७ | पि.पि.इ तथा माक्स खरिद | २७९९६० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ३०. | **जिन्सी दाखिला** — (गो.भौ. नं. र मिति ३३७।०७७।३।१५) गण्डकी प्रदेश कार्यविधी ऐन २०७४ को दफा २४ को उपदफा १ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिलां गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । राधाकृष्ण मन्दिर ले कालिका फर्निचर उद्योगबाट खरिद गरेको सोफासेट १, टि-टेवल २, कुर्ची १५ र अफिस टेवल १ गरि जम्मा रु. १२७७९१ को मालसामान जिन्सी दाखिला गरेको प्रमाण पेस हुन आएन । अतः सम्बन्धित संस्थामा जिन्सी दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु. | १२७७९१.०० |
| ३१. | **प्रमाण पेस गर्नुपर्ने** - गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नु पर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्‍याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । निम्न कार्यमा कार्यविधि अनुसार भएको देखिएन । | |
| ३१.१. | ३२६।०७७।३।१४ सडक बत्ती जडान गरेवापत ईशु सप्लायर्सलाई रु.१,१८,९३२।०० भुक्तानी गरिएको छ । उक्त सडकमा जडान भएका बत्तीहरु गुणस्तरयुक्त भए नभएको सम्बन्धमा जाँच गरेर जडान गरी कार्यसम्पन्न भएको प्रतिवेदन पेस गर्नुपर्नेमा प्रतिवेदन पेस नभएको रु. | ११८९३२.०० |
| ३१.२. | ३३१।०७७।३।१४ वडा नं ६ को सडक बत्ती जडान गरेवापत रुद्रबहादुर के. सी. लाई रु.१,००,०००।०० भुक्तानी गरिएको छ । उक्त सडकमा जडान भएका बत्तीहरु गुणस्तरयुक्त भए नभएको सम्बन्धमा जाँच गरेर जडान गरी कार्यसम्पन्न भएको प्रतिवेदन पेस गर्नुपर्नेमा प्रतिवेदन पेस नभएको रु. | १०००००.०० |
| ३२. | **रीतपूर्वकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट विल रकमलाइ टुक्राएर खरिद गरेको छ । उक्त सप्लायर्सले रितपूर्वकको कर बिजक वेगर टुक्रा विजकको आधारमा पालिकाबाट भुक्तानी लिएको नियमसम्मत नदेखिएको रु. | १०३३५४.०० |

| भौ नं र मिति | सप्लायर्स | खरिद विवरण | विजक संख्या | रकम |
|---|---|---|---|---|
| ५२०।०७७।३।३१ | विश्वज्योति फर्निचर उद्योग (३०११६६६७०) | फर्निचर खरिद | ४ वटा | ७१७५४ |
| ५२०।०७७।३।३१ | खेमतारा फर्निचर उद्योग (६०६०३६१३५) | फर्निचर खरिद | २ वटा | ३१६०० |
| | | | जम्मा | १०३३५४ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ३३. | **धरौटी दाखिला** - ५०४।०७७।३।३१ खरिद कार्यमा मालसामान खरिद गर्दा ५ प्रतिशतका दरले धरौटी कट्टी गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं ८।०७६।७७ को सवारी साधन खरिदमा घटी कबोल गर्ने यादव ब्रदर्शसँग सम्झौता गरी खरिद गरिएको मोटरसाईकल थान ८ र स्कुटर थान २ को कबोल अंक रु.२६,३५,०००।०० मा ५ प्रतिशतका दरले धरौटी कट्टी गर्नुपर्नेमा नगरेकोले आपूर्तिकर्ताबाट धरौटी वापतको रकम असुल गरी धरौटी खातामा जम्मा गर्नुपर्ने रु. | १३१७५०.०० |
| ३४. | **फर्मवर्क दर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा दररेट निर्धारण समितिले तोकेको दरेटको आधारमा नम्र्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायका योजनामा फर्मवर्कको कार्य गर्दा नर्म्स अनुसार जिल्ला दररेटमा उल्लेख भएको अन्य काठको दर प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्नेमा गोब्रे सल्लाको काठ प्रयोग गरी लागत अनुमान तयार गरी सोही अनुसार भुक्तानी दिएको छ । तपसिलको | २६७३९०.०० |

Scanned with CamScanner

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | निर्माण कार्य गर्दा फर्मामा प्रयोग हुने कु काठ प्रति घ मि रु.१९,०००।०० को दर राखेर दर विश्लेषण गर्नुपर्नेमा महङ्गो मूल्यको काठ गोब्रे सल्ला रु.४७,०००।०० को दर राखेर दर विश्लेषण गरेको कारणले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | |

| गो.भौ. नं. र मिति | निर्माण कार्य | परिमाण | हुनुपर्ने दर | भुक्तानी भएको दर | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३४०।०७७।३।१५ | चापाकोट सामुदायीक भवन निर्माण | २४.४४ | ५९९.९ | ८५२.७३ | २५२.८३ | ६१७९.१६ |
| ५३०।०७७।३।३१ | वडा कार्यालय भवन निर्माण | १६९.१६ | ५५७ | ७४६.६३ | १८९.६३ | ३२०७७.८१ |
| ३०१।०७७।३।१५ | महेन्द्र के सीको घरदेखी वानपा ४ सम्म सडक नाली निर्माण | ७४.०८ | ५९९.९ | ८५२.७३ | २५२.८३ | १८ २९.६५ |
| ३०६/०७७/३/७ | इश्वरीको घरचोकदेखी सिताराको घरसम्म वाटो निर्माण | ५३.६ | ५५७ | ७४६.६३ | १८९.६३ | १०१६४.१७ |
| २९१/०७७/३/२ | धवलागिरी खानेपानीको टंकी निर्माण | ७.०१ | ५९९.९ | ८५२.७३ | २५२.८३ | १७७२.३३ |
| २८७/०७७/३/१ | गौरीधाम गेटदेखी वडारचौरसम्मा बाटो मर्मत | ६२.०३ | ५५७ | ७४६.६३ | १८९.६३ | १७६२.७५ |
| २६९/०७७/२/२८ | लामाचौर ढल निकास व्यवस्थापन | १०९.६ | ५९९.९ | ८५२.७३ | २५२.८३ | २७७१०.१७ |
| ३८८.०७७.३.२४ | दलित महिला सामुदायीक भवन | ६८.६३ | ५९९.९ | ८५२.७३ | २५२.८३ | १७३५१.७२ |
| २५९/०७७/२/२६ | कालिमाटी भिरलाखुरी सिम सडक | १७.८ | ५९९.९ | ८५२.७३ | २५२.८३ | ४५००.३७ |
| २५०/०७७/९/२३ | ठुलाखेत जमुनाको घरदेखी हरिकुमारको घरसम्म सडक | ३० | ५९ .९ | ८५२.७३ | २५२.८३ | ७५८४.९ |
| २४७/०७७/२/२२ | गलुवा भकुण्डे अर्माउदी सडक | ३०.६ | ५९९.९ | ८५२.७३ | २५२.८३ | ७७३६.५९८ |
| २४०/०७७/२/१९ | काउरेडाडा तालिम हल निर्माण | २१७.२ | ५९९.९ | ८५२.७३ | २५२.८३ | ५४९१४.६८ |
| २३९/०७७/२/१९ | वडहरे तातोपानी मुलपानी सडक | ४३.५२ | ५९९.९ | ८५२.७३ | २५२.८३ | ११००३.१६ |
| २३८ ०७७/२/१९ | भालुमारे ढिकिचौर सडक | ७७.६ | ५९९.९ | ८५२.७३ | २५२.८३ | १९६१९.६१ |
| २३५/०७७/२/२८ | फेदी सडक नाली निर्माण | ६३.६८ | ५५७ | ७४६.६३ | १८९.६३ | १२०७५.६४ |
| २०८/०७७/२/११ | खिर्रवोट नाली निर्माण | ६७.६४ | ५९९.९ | ८५२.७३ | २५२.८३ | १७१०१.४२ |
| २०७/०७७ ०२/९ | मेयर श्रपिराम स्मृति द्वार निर्माण | ३ .४७ | ५५७ | ७४६.६३ | १८९.६३ | ७१०५.४३ |
| | | | | | जम्मा | २६७३८९.५७ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ३५. | खपत पाइप - आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । तपसिलको खानेपानी तथा सिंचाई योजनामा पाईप लाईन खनेको पुरेको कार्य भन्दा बढी खपत भएको नापी कितावमा देखाएर भुक्तानी गरिएको छ । यसरी पाइपलाइनको खन्ने पुर्ने कार्य भएको मिटर भन्दा बढी खपत भएको कारण देखाई नापी कितावमा चढाई भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु. | २०३०६३.४५ |

| सि.नं. | भौ नं र मिति | निर्माण कार्य | पाईप लाईन खन्ने पुर्ने कार्य मिटरमा | प्रयोग भएको पाईप (मि) साइज | परीमाण | बढी | दर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५२८-०७७/३/३१ | तल्लो वान्द्रे खा पा योजना उ.स. | ० | 25mm (10kg/cm2 | १८९ | १८९ | ६१.६३ | ११६४८.०७ |
| २ | | | २०० | 40mm (10kg/cm2 | २०० | ० | १५६.८२ | ० |
| ३ | | | ३०० | 0mm (10kg/cm2 | ७०० | ४०० | ४०.८८ | १६३५२ |
| ४ | ३६१-७७/३/१९ | वडहरे गेउसी सिंचाई योजना | ० | 110mm 6kg cm2 | ५१ | ५१ | ७७६.४८ | ३९६००.४८ |
| ५ | | | ० | 90mm 6kg cm2 | १८० | १८० | ५२३:८६ | ९४२९४.८ |
| ६ | | | १४० | 63mm 6kgcm2 | १८० | ४० | २५९.६४ | १०३८५.६ |
| ७ | | | २०० | 50mm6kgcm2 | २०० | ० | १६५.३६ | ० |
| ८ | २१२-०७७/२/१३ | सिम खानेपानी तथा सप्रेङ खा पा | ० | 32mm 6kgcm2 | १५० | १५० | ६८.९५ | १०३४२.५ |
| ९ | | | ० | 20mm (10kg/cm2 | ५०० | ५०० | ४०.८८ | २०४४० |
| | | | | जम्मा | | | | २०३०६३.४५ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ३६. | विरुवा वितरण - ३७९।०७७।३।२२ विउ विजन तथा जैविक मल वितरण कार्यक्रम अन्तर्गत गंगादेवी शर्मालाई रु.४,००,०००।०० भुक्तानी खर्च लेखिएकोमा उक्त कार्यक्रम अनुसार विउ विजन तथा जैविक मल वितरणको लागी गरिएको निर्णय अनुसार सेट नं १ | २२४२०.०० |



Scanned with CamScanner

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | मा बोडी रायो साग चालिस दिने मूला मिनुअर्ली मूला चौमासे सिमी सरादे सिमी धनियाको बीउ १/१ पोका सेट नं २ मा अम्बा कागती अकवरे खुर्शानी रोजमेरीको विरुवा १/१ वटा सेट नं. ३ मा तीन के. जी. मलको पोका तयार गरेर १४ वटा संस्थाका ४०२ जनालाई बुझाइएको छ ।तरकारीको वीउ एक पोकामा कति ग्राम राखेको उल्लेख गरिएको छैन । वितरण प्रक्रिया स्पष्ट भएन । तालिकामा उल्लेखित विवरण अनुसार खरिद गरिएको परिमाण सबै वितरण गरेको देखिएन । खरिद गरेको परिमाण भन्दा घटी वितरण गरेकोले वितरण नभएको परिमाण बराबरको रकम असुल हुनुपर्ने रु. | |

| विरुवाको नाम | खरिद परिमाण | वितरण परीमाण | बाँकी परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| अम्बा | ४४० | ४०२ | ३८ | १६० | ६०८० |
| कागती | ४४० | ४०२ | ३८ | ६० | २२८० |
